सन्दर्भ: यात्रा

# रामनवमी र रामराज्य

स्वामी आनन्द अरुण

आर्थिक, सांस्कृतिक, सामाजिक र इतिहासिक दृष्टिले युरोपका दुई अतिविकसित र विशिष्ट राष्ट जर्मनी र फ्रान्स हेर्ने मेरो मनमा धेरै अघिदेखिको इच्छा थियो । जुन यसपालि पुरा भयो । जर्मनी र फ्रान्सबाट हामीलाई साधना शिविरको संचालन र प्रवचन कार्यक्रमको आमन्त्रण प्राप्त भयो । ओशोको कृपाले तपोवनका हामी ३ सदस्यहरूलाई एक महिना ती दुई देशको भ्रमण गर्ने अवसर मिल्यो । साधारणत: हामीले जमर्नी भन्नासाथ स्मरणमा आउने कुराहरू हुन् : हिटलर, दोस्रो विश्व युद्ध, बर्लिनको पर्खालको निर्माण र ध्वंस, जर्मन संस्कृतिको अभिन्न अंग रहेको बियर परम्परा र फुटबल । यसमा पनि गहिरिएर हेर्ने हो भने विश्वको कला, साहित्य, विज्ञान र दर्शनको क्षेत्रमा जमर्नीको देन अद्वितिय छ । विश्व कै चिन्तनशैलीमा ठूलो प्रभाव पार्ने महान् चिन्तकहरू कार्ल मार्क्स, अल्बर्ट आइन्स्टिन, प्लान्क, हाइजेनवर्ग, हर्ज, नित्से, कान्ट, गेटे, हेगल यसै देशका हुन् र यसै संस्कृतिको सेरोफेरामा अर्का ठूला मनोवैज्ञानिक सिग्मड फ्रायड पनि भए, अर्का ठूला विश्वविख्यात संगीतकार वाख, बेथहोवेन पनि यही जन्मे । विज्ञान र प्रविधिको विकासमा पनि यो देश शुरु देखि नै अग्र स्थानमा छ । नोबेल पुरस्कार जित्नेहरू मध्ये ९६ जना जर्मनहरू छन् ।

जर्मनी आर्थिक रुपले दुनियाको सबैभ न्दा शक्तिशाली राष्ट मध्ये एक हो र आफ्नो बजेटको ठूलो भाग अन्य देशहरूलाई सहयोग गर्ने खर्चिने देशहरू मध्ये यो दोस्रो स्थानमा पर्छ । जर्मनी संसारको सबैभन्दा कल्याणकारी राज्यव्यवस्था भएको एक राष्ट्र हो जसमा बेरोजगार तथा सेवानिवृतिहरूले ठूलो आर्थिक अनुदान पाउँछन् । कमाउने व्यक्तिको आयबाट ४० प्रतिसत भाग त्यस सामाजिक कल्याणका लागि राज्यले करको रुपमा काट्छ । तर प्रत्येक गाउको कुनाकुनामा एउटा मात्रै घर छ भने पनि त्यहासम्म सहरमा हुने सबै सुविधा: पिचरोड, ढल, बत्ति, पानी र सुरक्षाको जिम्मा इमान्दारीका साथ पूर्ण रुपमा राज्यले निभाउँछ । सामाजिक दृष्टिकोणले पनि यहाँको समाज उदार र अत्यन्त सहनशील छ । यसैकारण दुनियाबाट आएका सबैभन्दा बढी शरणार्थीलाई यसले आश्रय दिन्छ । सरकार र जनताको मानवअधिकार प्रतिको सच्चा सम्मान र निष्ठा यहाँ देख्न पाइन्छ । यौन र समलैगिक सम्बन्धका बारे पनि यो देश अति उदार रहेछ । जर्मनीका दुई सबैभन्दा ठुला शहर बर्लिन र ह्याबर्गका सम्मानित मेयरहरू पनि घोषित रुपमा समलिंगी हुन् । तर यसले उनीहरूको राजनैतिक सफलता र सामाजिक सम्मानमा कनै बाधा ल्याएको छैन । मानव अधिकार र मानव स्वतन्त्रतालाई यति आदर गर्ने यस देशको सस्कृति देख्दा म भित्र त्यसदेशैप्रति समादरको भाव जाग्यो । यही जर्मनहरूको विशिष्टताले होला एक समय ओशोको सबैभन्दा बढी कार्य जर्मनी मै फष्टाएको थियो । यसपालिको भ्रमणमा स्थानिय मित्रहरूको सकृय सहयोगले दक्षिण एल्प्स् पहाडी श्रृखलाको नजिक विल्हेम मिसेन नामक अतिसुन्दर ठाउमा एक नौ दिवसिय ध्यान शिविरको आयोजना भयो । त्यहाँ हामीले पूर्विय दर्शन र साधनाको बारेमा बतायौं र ध्यानका प्रयोगहरूपनि गरायौं

। युरोपमा जर्मनहरूलाई अरुले अलिक गम्भिर ठान्छन् । मेरो अनुभवमा उनीले कुरा बुझिसकेपछि त्यसलाई बडो निष्ठा र गम्भिरताले लिदा रहेछन् ।

बुद्धधर्म, तिब्बत, दलाई लामा र हिमालय प्रति उनीहरूको विशेष आदर र रुची छ । जर्मनहरू साहित्यप्रेमी हुन्छ र पुस्तकको संग्रह गर्न मन पराउदा रहेछन् । सानो गाउँमा जाँदा पनि घरहरूमा पनि पुस्तकको राम्रो संग्रह गरेको पाए । सानो शहरको पुस्तक पसलपनि पनि विशाल बजार जस्तो ठूला हुदो रहेछन् । उनीहरूको साहित्यको सम्पन्नता र विशालता कुनै अर्थमा अंग्रेजी साहित्य भन्दा कम देखिएन ।

पर्यटनमा सबैभन्दा बढी पैसा खर्च गर्नेहरू जर्मन नै हुन् । नेपाल भित्रिने पर्यटकहरू मध्ये जर्मनहरूको संख्या अग्रस्थानमा हुन्छ ।

जर्मनीमा जनसंख्याको एक तिहाई प्रोटेस्टियन, एक तिहाई क्याथोलिक, थोरै मात्रामा मुसलमान र यहुदी छन् र झण्डै एकतिहाई नै कुनै धर्म नमान्ने छन् । सरकारले प्रोटेस्टियन र क्याथोलिकहरूको आयबाट १० प्रतिसत आय स्रोतमै कट्टा गरी सोझै चर्चलाई बुझाउछ । त्यसकारण चर्चहरू त्यहा धेरै धनी छन् र सानो देखि सानो गाउमा पनि सबैभन्दा ठूलो र सुन्दर घर चर्च कै हुन्छ । तर अधिकांश चर्च मानवशुन्य नै हुन्छ आइतबार मात्रै त्यहा केही बुढाबुढीको आवतजावत देखिन्छ ।

जर्मनीमा सामान्यतः घरहरू बिना कम्पाउण्डका हुन्छन् र मुखढोकाहरू पनि सिसाका हुदा रहेछन् । घरधनी महिनौ घर छोडी बाहिर जाँदा पनि घर सुरक्षित नै भेटिन्छ । गाउको सानो स्टेसनमा गाडी छोडि हप्तौ घुमेर फर्किदापनि गाडी जहाको त्यही सुरक्षित रहन्छ । यता हाम्रामा चाहिं हतियारसहितका पुलिसको गार्ड पाएका राजदुतको घरमा हुलका हुलका मानिसपसी लुटपाट गरेपनि कसैकालागि कुनै दुःख या आश्चर्यको विषय बन्दैन । लुफ्तहान्साको उडानमा दिइने एक पत्रिकामा एक विदेशी महिलाको अर्न्तवार्तामा उनको यात्राको सबैभन्दा दुखद घट्ना कुन हो भन्ने प्रश्नको उत्तरमा नेपालमा दिनदहाडै सारा समान लुटिएको उनले बताएको पढ्दा लज्जित भए । तपोवन फर्किनासाथ ८, ८ घण्टाको लोडसेडिंग खेप्ने अभ्यास एक महिनामा पनि धेरै बिग्रिसकेकोले बडो उदेक लाग्यो ।

हामी रामनवमीको दिन नेपाल फर्कियौं र यहाँ ठाउँठाउँमा रामचन्द्रजीको पूजा भइरहेको थियो । खासगरी मेरो जन्मभूमी जनकपुरमा रामनवमीमा ठूलो मेला लाग्छ । भारत र नेपालबाट असख्य मानिसहरू मेला भर्न आउँछन् । साधारणतः मेलामा अनेक व्यक्तिका पकेट काटिन्छन्, झोला झिम्टी चोरिन्छन् ।

यो सबै हेरेर के लाग्यो, निर्जला उपवास गरीगरी रामचन्द्रजीको पूजा चाहि हामी गर्छौं तर रामराज्यको सुविधा चाहिं जर्मनहरूले भोगिरहेका रहेछन् ।

osho@tapoban.com